

AWARENESS MONTH

# CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

शिशुको जन्म पछि उसको जन्म दर्ता गरिदिने दायित्व शिशुको आमा वा बुवा वा परिवारको १८ वर्ष उमेर पुरा भएको कुनै पनि सदस्य - जस्तै हजुर बुवा, हजुर आमा, काका, काकी, मामा, माइजु, फुपू, फुपा आदिको हुन्छ। यी सूचक मध्ये कोहि पनि नभएको अवस्थामा सम्बन्धित बालबालिकाको संरक्षक वा माथवर वा त्यस्तो व्यक्ति नभएमा सम्बन्धित स्थानीय तहको वडा अध्यक्षले आफै सूचक बनि जन्मको सूचना दिनु पर्ने दायित्व हुन्छ।

Institute on Statelessness and Inclusion

नागरिकताबाट प्रभावित व्यक्तिहरूको सञ्जाल नेपाल
Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

यदि कुनै शिशु वा बालबालिकालाई कसैले धर्म पुत्र वा पुत्री लिएको छ भने, सो बालबालिकालाई धर्मपुत्र वा पुत्री लिने पति पत्नीले सम्बन्धित निकायमा गई त्यस्तो बालबालिकाको जन्म दर्ता अनिवार्य गराऔं। यसो गर्नाले शिशु वा बालबालिका बालिग भै नागरिकता लिने बखतमा उनलाई आइलाग्न सक्ने कानुनी तथा प्रशासनिक समस्याहरूबाट बचाउन सजिलो हुन्छ।

Institute on Statelessness and Inclusion

नागरिकताबाट प्रभावित व्यक्तिहरूको सञ्जाल नेपाल

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL

Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH
CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION


जन्मको सूचना, शिशुको जन्म भएको ३५ दिन भित्रै जन्मस्थान अथवा आमा वा बुबाको स्थानीय ठेगानाको स्थानीय पन्जिकाधिकारीको कार्यालयमा गई कानुन बमोजिमको सूचकले सूचना दिनु पर्ने हुन्छ।

याद राख्नुस, यदि शिशु जन्मेको ३५ दिन पछि जन्म दर्ता गर्दा रु २०० बिलम्ब शुल्क तिरी दर्ता गर्नु पर्ने हुन्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION


कुनै बालबालिकाको जन्मदर्ता गर्न समस्या भईरहेको छ भने निःशुल्क कानुनी सल्लाह परामर्शको लागि CAPN को फेसबुक पेजमा म्यासेज गर्न सक्नु हुन्छ।

याद राख्नुहोस्, हरेक बालबालिकाको जन्म दर्ताको अधिकार नेपालको संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। मौलिक हकको उल्लंघन अक्षम्य हुन्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

शिशु जन्मना साथ उसलाई उसको नाम र पहिचान सहितको जन्म दर्ताको हक, स्याहार सुसारको हक र सुरक्षित वातावरणमा हुर्कन पाउने हकको सुनिश्चित गर्ने दायित्व परिवार, समाज र सरकारको पनि हो। राष्ट्रको उन्नत भविश्य हाम्रा बालबालिकाहरू नै हुन्। उनीहरूको समयमा नै जन्म दर्ता गरिदिंदा भविश्यमा पर्न सक्ने धेरै कठिनाईहरूबाट बच्न सकिन्छ र उनीहरूको प्रगतिको बाटो सहज हुन सक्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

के तपाईंलाई थाहा छ? जन्मदर्ताको प्रक्रिया कतिपनि झन्झटिलो छैन? परिवारको कुनै सदस्यले सुचक भई, निःशुल्क प्राप्त गर्ने फारम भरि तुरन्तै वडा कार्यालयमा गई दर्ता गर्न सक्नु हुन्छ। याद राख्नुहोस्, हरेक बालबालिकाको जन्मदर्ता नेपालको संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। कुनै बालबालिकाको जन्मदर्ता गर्न समस्या भईरहेको छ भने निःशुल्क कानुनी सल्लाह परामर्श गर्न (CAPN) को फेसबुक पेजमा म्यासेज गर्न सक्नु हुन्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

समाज अगाडि बढ्न र प्रगतिशिल रहन समाजका सदस्यहरूले आउने पिढीको लागि स्वस्थ वातावरण दिन सक्नु पर्छ। स्वस्थ वातावरण तयार पार्ने एउटा आयाम भनेको दस्तावेजिकरण पनि हो। व्यक्तिगत दस्तावेजिकरणले समाजको विभिन्न महत्वपूर्ण पाटोहरु समेटेको हुन्छ। जन्म पछिको पहिलो दस्तावेजिकरण भनेको नै जन्मदर्ता हो। त्यसैले हरेक बालबालिकाहरूको जन्मदर्ता गरौं।

Institute on Statelessness and Inclusion

नागरिकताबाट प्रभावित व्यक्तिहरूको सञ्जाल नेपाल

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL

Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

जन्मदर्ता गराउँदा, आमा र बुवाको विवाह दर्ता आवश्यक दस्तावेज होइन। त्यसैले, बालविवाह जस्तो स्वत: बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्मदर्ता गर्न कुनै पनि कानुनी बाधा अड्चन छैन। सो बालकको आमा वा बुवा वा परिवारको जो १८ वर्ष पुरा भएको जुनै परिवारको सदस्यले जन्मको सूचना दिन सक्दछ।

Institute on Statelessness and Inclusion

नागरिकताबाट प्रभावित व्यक्तिहरूको सञ्जाल नेपाल
Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

सम्बन्ध विच्छेद भई आमाको स्थायी ठेगाना फरक भएको अवस्थामा, आमासँग रहने छोराछोरीको जन्मदर्ता गर्न स्थायी ठेगाना भएको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना दिन सकिन्छ। तर, बुवा तर्फको स्थानीय तहमा दर्ता नभएको प्रमाण भने यकिन गर्नु पर्ने हुन्छ।

Institute on Statelessness and Inclusion

नागरिकताबाट प्रभावित व्यक्तिहरूको सञ्जाल नेपाल

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH


CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

यदि नेपाली नागरिकबाट शिशुको जन्म नेपाल बाहिर भएको अवस्थामा, त्यस्तो शिशुको आमा वा बुवा वा परिवारको १८ वर्ष पुगेको कुनै पनि सदस्यले जन्म भएको ३५ दिन भित्र सो विदेशको नेपाली नियोगमा सूचना दिनु पर्ने दायित्व हुन्छ। वा सो नेपाली नागरिकले नेपाल फर्केको ३५ दिन भित्र स्थानीय पन्जिकधिकारीको कार्यालयमा गई सूचना दिंदा पनि हुन्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH


CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

पितृत्व ठेगान नलागेको र
एकल महिलाले जन्माएको
बालबालिकाको जन्म,
आमा स्वंयले आफ्नै थर र
स्थायी ठेगाना राखी दर्ता
गर्न सकिन्छ। विवाह अघिनै
जन्मिएको बालबालिकाको
हकमा भने विवाह हुनु अघि
आमाको जुन थर थियो,
त्यहि थर राखी हालको
स्थायी ठेगानामा जन्मदर्ता
गर्नु पर्ने हुन्छ।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region



AWARENESS MONTH

CHILDHOOD STATELESSNESS & THE RIGHT TO EDUCATION

यदी कुनै शिशु वा बालबालिकाको जन्म यौनिक हिंसा जस्तै जवरजस्ती करणी वा हाड नाता करणीबाट भएको छ भने नेपालको कानुनले कुनै भेदभाव नगरी यी बालबालिकाको आमाको नामबाट जन्मदर्ता गर्न सुनिश्चित गरेको छ। यदी यस्तो अवस्थामा भेदभावको कारणले जन्मदर्ता हुन सकेन भने यसको उजुरी समेत गर्न सकिन्छ। फेरी पनि याद राखौं, शिशु वा बालबालिका भनेका शान्ती क्षेत्र हुन्। जन्मदर्ता सबै शिशु वा बालबालिकाको मौलिक अधिकार हो।

Institute on Statelessness and Inclusion

Citizenship Affected People's Network Nepal

NATIONALITY FOR ALL
Advancing the right to a nationality in the Asia-Pacific region